स्थानीय सरकार
LOCAL GOVERNMENT
सम्मरीमाई गाउँपालिका
SAMMARIMAI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
फरेना, रुपन्देही
FARENA, RUPANDEHI
लुम्बिनी, प्रदेश नेपाल
Lumbini, Province Nepal

प.सं./Ref No. २०८३/०८४

च.नं./Dispatch No.

मितिः२०८३/०५/०८

**व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी सूचना !!!**

यस गाउँपालिका क्षेत्रभित्र विभिन्न प्रकारका व्यवसाय सञ्चालन गर्दै आउनुभएका तथा नयाँ व्यवसाय सञ्चालन गर्न इच्छुक सम्पूर्ण व्यवसायी, फर्म तथा संस्थाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रचलित कानुनबमोजिम गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायहरू सम्बन्धित गाउँपालिकामा अनिवार्य रूपमा दर्ता तथा नवीकरण गर्नुपर्ने भएकाले हालसम्म व्यवसाय दर्ता नगरेका व्यवसायीहरूले आवश्यक कागजातसहित तोकिएको समयभित्र व्यवसाय दर्ता गर्न गराउनुहुन अनुरोध गरिन्छ। साथै, यसअघि व्यवसाय दर्ता गरी नियमित रूपमा नवीकरण नगरेका व्यवसायीहरूले समेत आफ्नो व्यवसायको नवीकरण गरी अभिलेख अद्यावधिक गराउनुहुन सूचित गरिन्छ।

**नयाँ व्यवसाय दर्ताको हकमा**

- निवेदन
- व्यवसाय सञ्चालकको नागरिकताको प्रतिलिपि
- व्यवसाय सञ्चालन गर्ने स्थानको जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) को प्रतिलिपि वा स्थान खुल्ने कागजात
- घर जग्गा बहाल सम्झौता (घरजग्गा भाडामा लिएमा)
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो (२) थान
- सर्जमिन मुचुलका र वडाको सिफारिस पत्र

**व्यवसाय नविकरणको हकमा।**

- निवेदन
- संचालकको नागरिकताको प्रतिलिपी
- व्यवसाय दर्ता प्रमाण पत्र
- स्थायी लेखा नम्बरको प्रतिलिपी
- कर चुक्ता प्रमाण पत्र

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

व्यवसाय दर्ता तथा नवीकरण नगरी व्यवसाय सञ्चालन गरेको पाइएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।
थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा गाउँपालिका कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

Email:- info@sammarimaimun.gov.np
sammarimairm@gmail.com
Website:- sammarimaimun.gov.np
Office Phone No:- 9779857016956

"कृषि, शिक्षा, स्वास्थ्य, व्यवसाय र रोजगार, समृद्ध सम्मरीमाई विकासको आधार"